# कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६

कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### कर्णाली प्रदेश, नेपाल

### वीरेन्द्रनगर, सुर्खेत

# कृषि वन कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६

मा.मन्त्रीज्यूबाट मिति
२०७६/०७/२५ गते स्वीकृत

**प्रशतावनाः**

कृषि क्षेत्रमा वन जन्य प्रजातीहरुको मिश्रण गरी कृषि तथा पशुपालनको लागि आवश्यक घाँस, स्याउला, सोत्तर तथा डालेघाँसहरुको आपुर्तीका साथै घरायसी खपतको लागि काठ दाउराको समेत आपुर्ती गर्न तथा कृषि र फलफुल वालीहरुको संरक्षण , विस्तार गर्न र स्थानीय हरियाली प्रवर्द्धन समेत गर्नको लागि प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले चालु अर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तगरत कृषि वन कार्यक्रम संचालन गर्नको लागि **कृषि वन कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६** तयार गरी लागु गरेको छ ।

## परिच्छेद १: प्रारम्भिक

१. (क) **संक्षिप्त नाम तथा प्रारम्भः** यस कार्यविधिको नाम **कृषि वन कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६** हुनेछ ।

**(ख) प्रारम्भः** यो कार्यविधि तुरुन्त लागु हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) **कार्यालय** भन्नाले मन्त्रालय मातहतको कार्यालय वा कार्यान्वयन इकाईलाई जनाउदछ ।

(ख) **कार्यक्रम** भन्नाले भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय वा सो का मातहतका कार्यालयबाट संचालन हुने कृषि वन कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ग) **प्रस्ताव** भन्नाले कार्यालयले सुचना प्रकाशन गरेपश्चात कार्यक्रम कार्यन्वयनको लागि सम्भावित लाभग्राहीले पेश गरेको योजना सम्झनु पर्दछ ।

(घ) **कृषि वाली** भन्नाले किसानको खेत बारीमा उत्पादन हुने तथा एक वर्षभन्दा कम बालीचक्र भएको अन्नबाली, दलहनबाली, तेलहन बाली, तरकारी बाली तथा मसलाबाली लाई सम्झनु पर्दछ ।

(ङ) **वन प्रजाती** भन्नाले एकवर्षभन्दा बढि बालीचक्र भएको रुख तथा झाडी प्रजातीका कृषि वाली भन्दा बाहेकका वनस्पती प्रजातीहरुलाई सम्झनु पर्दछ ।

(च) **नर्सरी** भन्नाले कृषि तथा वन जन्य विरुवा उत्पादनको लागि स्थापना गरिएको नर्सरी सम्झनु पर्दछ ।

(छ) **लाभान्वित घरधुरी** भन्नाले यस कृषि वन प्रवर्द्धन कार्यक्रमबाट लाभान्वित हुने घरधुरीलाई सम्झनु पर्दछ ।

...त अधिकृत

हरिप्रसाद पण्डित
...कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

(ज) **लाभग्राही** भन्नाले प्रस्तावहरु छनौट भई सम्झौता भएपश्चात कार्यक्रम कार्यन्वयनको लागि अनुदान प्राप्त गर्ने व्यक्ति वा निकाय सम्झनु पर्दछ ।

(झ) **मन्त्रालय** भन्नाले कर्णाली प्रदेश सरकार अन्तरगत भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई जनाउदछ ।

(ञ) **सम्बन्धित निकाय** भन्नाले भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मन्त्रालय अन्तरगतका कार्यालयहरु सम्झनु पर्दछ ।

## परिच्छेद २: कार्यक्रम संचालन प्रक्रिया

**३. सुचना प्रकाशन तथा प्रश्ताव आव्हानः** यस कृषि वन कार्यक्रमको संचालनको लागि कार्यालयले इच्छुक व्यक्ति, समुह, व्यवसायी बाट कार्यालयले तोकिए बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नको लागि अनुसुची १ बमोजिमको सुचना प्रकाशन गर्नुपर्नेछ । प्रस्तावको ढाँचा अनुसुची २ मा तोकिएको छ ।

**४. प्रश्ताव पेश गर्नको लागि आवश्यक प्रावधानहरुः** यस कृषि वन कार्यक्रम संचालनको लागि आवश्यक प्रावधानहरु देहायबमोजिम हुनेछन ।

**क. प्रश्तावकः** कार्यक्रममा प्रश्ताव पेश गर्नको लागि देहाय बमोजिमका प्रश्तावक हुन सक्नेछन ।

अ. व्यक्ति

आ. कम्पनी वा फर्म वा व्यवसायि

इ. समुह वा सहकारी

ई. अन्य विधिवत दर्ता भएका संस्था

**ख. जग्गाको क्षेत्रफलः** यस कृषि वन कार्यक्रम कार्यन्वयनको लागि जग्गाको क्षेत्रफल न्युनतम ५ रोपनी हुनुपर्नेछ । प्रश्तावकले जग्गा भाडामा लिई उपयोग गर्नुपर्ने भएमा जग्गा भाडा सम्झौता अवधि न्युनतम १० वर्षको हुनुपर्नेछ ।

**घ. कृषि वन प्रजातीको मिश्रणः** यस कृषि वन कार्यक्रम कार्यन्वयनको लागि यस कार्यविधिको दफा (५) मा दिइएका कार्यक्रमहरु वनजन्य प्रजातीहरुको र कृषिजन्य प्रजातीहरुको संयुक्तरुपमा मिलान गरी संचालन गर्नुपर्नेछ । कुल जग्गाको क्षेत्रफलको दुवैतर्फका बालीहरुले कृषि तर्फ ७० प्रतिशत र वन तर्फ ३० प्रतिशत क्षेत्रफल ओगटेको हुनुपर्नेछ ।

**५. कार्यक्रमहरुः** यस कृषि वन कार्यक्रम कार्यन्वयनको लागि वनजन्य प्रजातीहरुको रोपन र कृषि जन्य प्रजातीहरुको खेती गरी सम्बन्धित लाभग्राहीले अनिवार्यरुपमा दुवैतर्फका खेती तथा रोपण गर्नुपर्नेछ । दुवैतर्फका कार्यक्रमहरुको व्याख्या तलका अनुच्छेदमा गरिएकोछ ।

**५.१. वनजन्य प्रजाती तर्फः** यस कृषि वन कार्यक्रम अन्तरगत निम्नबमोजिम वनजन्य प्रजातीहरुको वृक्षारोपण तथा संरक्षण गर्नको लागि लाभग्राहीलाई अनुदान रकम उपलब्ध गराइनेछ ।

...न अधिकृत

हरिप्रसाद पण्डित
... कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

**क. डालेघाँस नर्सरी स्थापना तथा विरुवा वितरण:** (अ)यस कृषि वन कार्यक्रम अन्तरगत प्रस्तावकले कृषि तथा वनजन्य विरुवा उत्पादन नर्सरी स्थापना कार्यक्रमको लागि प्रश्तावना पेश गर्नसक्नेछन । यसरी नर्सरी स्थापना गर्दा प्रत्येक जिलामा एक वटा भन्दा बढि नर्सरीको लागि अनुदान उपलब्ध गराइने छैन ।

(आ) नर्सरी स्थापना कार्यक्रम गर्दा पुरानो नर्सरी मर्मतसम्भार गरी विरुवा उत्पादन गर्नुपरेमा बढीमा रु. १,००,०००/- (अक्षरुपी एक लाख रुपैंया) सम्म अनुदान दिइनेछ ।

(इ) नयाँ अस्थायी नर्सरी स्थापना गरी विरुवा वितरण गर्नुपर्दा बढीमा रु. ५,००,०००/- (अक्षरुपी पाँच लाख रुपैंया) सम्म अनुदान उपलब्ध गराउन सकिने छ ।

(ई) नर्सरी स्थापना तथा संचालनको लागि लाभग्राहीले कम्तीमा ५० प्रतिशत रकम स्वलगानी गर्नुपर्नेछ ।

(उ) नर्सरी स्थापना तथा संचालनको लागि नयाँ नर्सरी स्थापना तथा पुराना नर्सरी मर्मत गरी विरुवा उत्पादन गर्नको लागि दुवै प्रकृतिका प्रश्ताव पेश हुन आएमा पुराना नर्सरी मर्मत गरी विरुवा उत्पादन तथा वितरण गर्ने प्रश्तावलाई पहिलो प्राथमिकता दिइने छ ।

(ऊ) यस कार्यक्रमबाट अनुदान प्राप्त गरी संचालन भएका नर्सरी बाट चालु आर्थिक वर्षमा उत्पादन भएका विरुवाहरु किसानहरुलाई वितरण गर्दा सम्बन्धित नर्सरी संचालकले सम्बन्धित जिल्ला दररेट भन्दा कम्तिमा २० प्रतिशत सस्तो दरमा वितरण गरी सम्बन्धित कार्यालयमा लगत पेश गर्नुपर्नेछ ।

**ख. डाले घाँस रोपन:** यस कार्यक्रमबाट लाभग्राहीले डालेघाँसका विरुवा रोपण गर्न सक्नेछन । डालेघाँसका विरुवा रोपन गर्दा सम्बन्धित लाभग्राहीले सोको संरक्षणको योजना समेत पेश गर्नुपर्नेछ ।

**ग. बहुउपयोगी छहारी रुख रोपन(Multipurpose Shelterbelt)**: यस प्रविधिमा कृषक, व्यवसायी वा उद्यमीले आफ्नो कृषि वालीलाई घाम, पानी जस्ता प्राकृतिक जोखिमताहरुबाट बचाउनको लागि कृषि बालीको साथसाथमा लहरै मिलाई रुख प्रजाती हुर्काउने गर्दछन । कृषकहरुले आफ्नो सुख्खा रहेको खेतबारीलाई कृषि बाली तथा रुख प्रजाती सयुंक्तरुपमा लगाई आर्थिक लाभ लिनको लागि यस कार्यक्रमबाट सहयोग गर्न सकिने छ । यो कार्यक्रम लागु गर्दा कार्यालयले आवश्यक प्राविधिक सहयोग गर्नुपर्नेछ ।

**घ. बहुउपयोगी हावा रोक्ने विरुवा रोपन(Multipurpose Wind-break)**: विभिन्न उपत्यका तथा हावाचल्ने स्थानहरुमा यो प्रविधिमा कृषि वन प्रणाली अपनाउने गरिन्छ । यस विधिमा हावा बहने स्थानमा अग्ला रुखहरुको लहर स्थापना गरी हावाको गती घटाउने गरी प्रबन्ध मिलाई अर्को भागमा कृषि खेती गर्ने गरिन्छ । यस कार्यक्रमबाट कृषकहरुले बढी हावा बहने स्थानहरुमा यस प्रविधि अपनाई खेती गर्न चाहेमा सहयोग गरिनेछ ।

**ङ. टाँगिया खेती प्रणाली (Tungya System)**: यस प्रविधिमा कृषिजन्य बालीको साथ-साथमा रुख विरुवा प्रजाती रोपण गरिन्छ । यस विधिमा सर्वप्रथम रुख प्रजातीका विरुवाहरु छनौट गरी प्राविधिक हिसाबले उपयुक्त दुरीमा लगाउनु पर्दछ । सो पश्चात उक्त विरुवा नहुर्कदा सम्म सो विरुवाहरुको संरक्षण गर्दै विचको खाली जमिनमा कृषि बाली लगाउनु पर्दछ । यस कार्यक्रम संचालन गर्दा कार्यालयले आवश्यक प्राविधिक सहयोग समेत गर्नुपर्नेछ ।

...न अधिकृत    हरिप्रसाद पण्डित वरिष्ठ कृषि अर्थविद    मा. विमला के.सी. मन्त्री

**च. जैविक बार (Hedge Row)**: यस प्रविधिमा कृषकहरुले आफ्नो खेतबारीको संरक्षणको लागि वनस्पति जन्य घेरबारको व्यवस्था गर्नेछन । विभिन्न वनस्पतीरु जस्तै निलकाँडा, केतुके, असुरो, ढटेलो लगायत अन्य विरुवाहरुको उपयोग गरी आफ्नो कृषि क्षेत्रको संरक्षण गर्नुको साथै स्थानीय हरियाली विस्तार समेत गरिनेछ । उक्त कार्यको लागि कृषकहरुलाई यस कार्यक्रमबाट आवश्यक सहयोग गरिनेछ ।

**च. पहिरो रोकथाम विरुवा रोपन (Landslide Control)**: पहिरोको जोखिमताबाट संवेदनशिल कृषि क्षेत्रको संरक्षणको गरी कृषि उत्पादनको संरक्षणको लागि यसखालको क्रियाकलापहरु गरिनेछ । विशेष गरी पहिरो नियन्त्रणको लागि बाँस, अम्रिसो, लगायतका वृक्षारोण गरिनेछ । पहिरो नियन्त्रण वृक्षारोपण गर्दा अनिवार्यरुपमा जैविक-ईन्जिनियरिङ (Bio-engineering) प्रविधिको प्रयोग गर्नुपर्नेछ ।

**छ. नदी कटान तथा बाढी रोकथाम विरुवा रोपन (Stream-bank erosion control)**: विभिन्न खोलाको किनारको खेतियोग्य जमिनलाई संरक्षण गरी कृषि उत्पादकत्वको संरक्षण गर्ने तथा विस्तार गर्ने कार्यको लागि यो क्रियाकलाप संचालन गरिनेछ । यस विधिमा खोला/नदिको किनारमा रहेको खेतीयोग्य जमिनलाई संरक्षण गर्नको लागि जैविक इन्जिनियरिङ प्रविधिको उपयोग गरी विभिन्न खालका विरुवा प्रजातीहरु जस्तैः सिसौ, खयर, सिमल, सिमली बाँस आदी को वृक्षारोपण गर्नको लागि आवश्यक सहयोग गरिनेछ ।

**आ. कृषिजन्य उत्पादनः** यस कार्यक्रम अन्तरगत निम्न बमोजिमका कृषि जन्य बालीको खेती गर्नको लागि लाभग्राहीलाई अनुदान उपलब्ध गराइनेछ ।

क. नगदेबाली तथा मसला बाली खेती

ख. दलहन बाली

ग. गह्रासुधार

घ. फलफुल प्रजाती रोपन

यस कृषि वन कार्यक्रमबाट माथि उल्लेखित प्रयोजनको लागि (अ) वनजन्य प्रजाती रोपण र (आ) कृषि जन्य उत्पादन तर्फमा उल्लेखित कार्यहरुबाहेक अन्य कार्य गरिने छैन ।

## परिच्छेद ३: प्रश्ताव छनौट तथा सम्झौता

**६. प्राविधिक कर्मचारीबाट स्थलगत निरिक्षण तथा प्रतिवेदनः** कार्यालयले आवश्यक ठानेमा प्रस्तावहरु पेश भएको बढीमा १५ दिन भित्र कर्मचारीहरु परिचालन गरी स्थलगत निरिक्षण गर्न सक्नेछ । स्थलगत निरिक्षण गर्दा सकभर कृषि तथा वन प्राविधिकहरुलाई सहभागि गराउनुपर्नेछ ।

**७. प्रश्ताव छनौटः** (क) कार्यालयले सुचना प्रकाशन गरी उल्लेखति दफा (५) मा उल्लेखित कार्यहरु गर्नको लागि कार्यालयले देहाय बमोजिमको एक प्रश्ताव मुल्यांकन समिति गठन गर्नुपर्नेछ ।

| | |
|---|---|
| क. सम्बन्धित कार्यालयको प्रमुख १ जनाः | संयोजक |
| ख. डिभिजन वन कार्यालयको वन प्राविधिक १ जनाः | सदस्य |
| ग. सम्बन्धित कार्यालयको प्राविधिक १ जनाः | सदस्यसचिव |

...न अधिकृत हरिप्रसाद पण्डित वरिष्ठ कृषि अर्थविज्ञ मा. विमला के.सी. मन्त्री

(ख) उक्त प्रश्ताव मुल्यांकन समितिले देहायका आधारहरुमा पेश हुन आएका प्रश्तावहरुको छनौट गर्नेछ ।

| क्र.स. | आधारहरु | भार | कैफियत |
|---|---|---|---|
| १ | योजनाको स्पष्टता | १५ | कहाँ, कती, के, कसरी, कहिले |
| २ | स्थान उपयुक्तता | १५ | स्थान अनुसारको प्रजाती छनौट |
| ३ | लगानी सहभागिता | १० | लगानीको प्रतिशत |
| ४ | दिगोपना | १० | संरक्षण तथा आगामी वर्षहरुमा संचालन |

(ग) प्रश्ताव छनौट हुनको लागि कुल अंकभारको कम्तिमा ६० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

(घ) प्रश्तावहरुले प्राप्त गरेको अंकलाई आधार मानी पहिलो हुने विजेता सिद्धान्तका आधारमा विनियोजित बजेटले पुग्ने गरी प्रश्तावहरु छनौट गरी सोही समितिले सम्झौताको लागि सिफारिस गर्नुपर्नेछ ।

(ङ) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि अन्य आधारहरु स्पष्ट रही स्थानको उपयुक्तता नभएका अवस्थामा कार्यालयले आवश्यक सहयोग गरी स्थान हावापानी अनुसार प्रजाती छनौट गर्न सहयोग गर्न सक्नेछ ।

(च) प्रश्तावहरुको छनौट गर्दा सामुहिक रुपमा कृषी वन प्रणाली अपनाउने गरी पेश हुन आएका प्रश्तावहरुलाई प्राथमिकताको थप ५ अंक प्रतिस्पर्धा गराइने छ ।

**८. सम्झौता:**

(क) प्रश्ताव छनौट समितिले प्रश्तावहरु मुल्यांकन गरी सिफारिस गरेपश्चात कार्यालयले सम्बन्धित प्रश्तावकहरुलाई कम्तिमा ७ दिनको सुचना प्रकाशन गरी सम्झौताको लागि कार्यालयमा उपस्थित हुनको लागि जानकारी गराउनुपर्ने छ ।

(ख) कार्यालयले यस कार्यविधि बमोजिमका कार्यक्रमहरु विधिवत हिसाबले सम्पन्न गर्नको लागि सम्बन्धित लाभग्राहीसँग अनुसूचि ३ अनुसार सम्झौता गर्नुपर्नेछ । सम्झौतामा स्पष्टरुपमा सम्पन्न गरिने मुख्य क्रियाकलापहरु, लागत साझेदारी, सम्पन्न गरिसक्नुपर्ने समय, संरक्षणको व्यवस्था, कार्य सम्पन्न गर्न नसकेमा गरिने कारवाही तथा अन्य प्रावधानहरु खुलाउनुपर्नेछ ।

## परिच्छेद ४: भुक्तानी तथा विविध

**९. बजेट वितरण तथा भुक्तानी प्रक्रिया**(क) यस कार्यक्रम संचालनको लागि सर्वप्रथम कार्यालयले लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउनुपर्नेछ । लागत अनुमान तयार गर्दा बैठकभत्ता, स्थलगत निरिक्षण, अनुगमनतथा अन्य प्राविधिक सहयोग समेत समावेश गर्नुपर्नेछ र सो कार्यको लागि कुल बजेटको ५ प्रतिशत भन्दा बढी रकम खर्च गर्न पाइने छैन ।

कानून अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

(ख) लागत सहभागिता: यस कार्यक्रमबाट प्रश्तावित जम्मा बजेटको ५० प्रतिशत रकम कार्यालयको अनुदानबाट र ५० प्रतिशत रकम सम्बन्धित लाभग्राहीले व्यहोर्नुपर्नेछ ।

(ग) कार्यविधिका पालना: सम्झौता पश्चात भुक्तानी गर्दा कार्यालयले कर्णाली प्रदेशको आर्थिक कार्यविधि २०७५ को अधिनमा गर्नुपर्नेछ ।

(घ) पेश्कि  तथा भुक्तानी सम्बन्धि व्यवस्था: यस कार्यक्रमको कार्यन्वयनको लागि कार्यालयले लाभग्राहीलाई जम्मा दुई किस्तामा रकम भुक्तानी दिने छ । कार्यक्रम कार्यन्वयनको लाभग्राहीलाई सम्झौता भएपश्चात जम्मा सम्झौता रकमको ५० प्रतिशत रकम पेश्कीस्वरुप उपलब्ध गराइने छ भने कार्यसम्पन्न भएपश्चात बाकी ५० प्रतिशत रकम अन्तिम भुक्तानी बापत उपलब्ध गराइने छ ।

(ङ) अन्तिम भुक्तानी सम्बन्धित विषयको प्राविधिकले जाँचपास फाराम भरी पेश गरेपश्चात मात्र दिइने छ ।

**१०. खरिद सम्बन्धि व्यवस्था:** यस कार्यक्रमको  कार्यन्वयनको लागि आवश्यक पर्ने विरुवा तथा समाग्री सम्बन्धित लाभग्राही स्वयमले खरिद गर्नेछन । कुनै कारणवस लाभग्राही स्वयमले खरिद गर्न नसकी लिखित रुपमा सम्बन्धित कार्यालयलाई खरिदको लागि निवेदन दिएमा कार्यालयले आवश्यक प्रक्रिया पुरा गरी खरिद कार्य गर्न सक्नेछ ।

**११. अनुगमन तथा मुल्यांकन:** (क) यस कार्यक्रम अन्तरगत गरिएका क्रियाकलापहरुको कार्यालयले कम्तिमा २ पटक अनुगमन गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ र कम्तिमा एकवटा अनुगमन डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी सहित गर्नुपर्नेछ ।

**१२. बाधा अडकाउ फुकाउने:** यस कार्यक्रमको कार्यन्वयन गर्दा कुनै बाधा अड्काउ परेमा  सो को फुकाउने अधिकार मन्त्रालयमा हुनेछ । यस अवस्थामा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

**१३. विविध:**आवश्यक्ता बमोजिम मन्त्रालयले यस कार्यविधिको संसोधन गरी लागु गर्नसक्ने छ ।

कानून अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

अनुसुची :१ प्रशतावना पेश गर्नेबारेको सुचना

**प्रदेश सरकार**

**भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय**

**कृषि विकास निर्देशनालय**

**........................................ कार्यालय ..............**

कर्णाली प्रदेश, नेपाल

मितिः ..................|..........|..............

**विषय:प्रशताव पेश गर्नेबारे सुचना ।**

प्रस्तुत विषयमा भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश नेपाल अन्तगरत यस .................. ................................. कार्यालय ............ को चालु आ.व. ...................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस जिल्लामा कृषि वन कार्यक्रम कार्यन्वयनको लागि वजेट विनियोजन भई आएकोले सो सम्बन्धमा विभिन्न क्रियाकलापहरु संचालन गर्नको लागि यस जिल्लाका कृषक, समुह, सहकारी व्यवसायि, उद्यमीहरुले सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र प्रशताव पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

कानून अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

.......................

कार्यालय प्रमुख

## अनुसुची :२ प्रश्तावनाको ढाँचा

**क. वाहिरी पृष्ठ**

**प्रश्तावनाको नाम:**

**प्रश्तावकको विवरण:**

नाम:

ठेगाना:

स्थायी लेखा नं

सम्पर्क नं.

**सम्पन्न गरिने मुख्य क्रियाकलापहरु:**

क्रियाकलाप र परिमाण

**बजेट सम्बन्धि जानकारी:**

कार्यालयमा माग गरिएको रकम:

प्रश्तावकको स्वलगानी:

अन्य निकायको सहयोग:

**ख. प्रश्तावना:**

**१. पृष्ठभुमी:** (भौगोलिक जानकारी, वर्तमान अवस्था, उपलब्ध साधन श्रोत)

**२. प्रश्तावित कार्यक्रमको उद्धेश्य:** कम्तीमा के, कती,

**३. संचालन गरिने मुख्य क्रियाकलापहरु:** (क्रियाकलापहरुको संचालन गर्ने विधि सहित)

यस खण्डमा अनिवार्यरुपमा जग्गाको क्षेत्रफल तथा लगाईने बालि/विरुवाको विवरण र विधि उल्लेख गर्नुपर्नेछ ।

**४. कार्यक्रम संचालनको समयतालिका:** (सम्झौता पछिको प्रत्येक १५ दिनको समयतालिका)

**५. अनुमानित बजेट (विस्तृत लागत अनुमान)**

**६. दिगोपना सम्बन्धि प्रावधान**

**७. विविध**

मा. विमला के.सी.
मन्त्री

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविद

कानून अधिकृत

## अनुसूची-३

## कृषि बन प्रबर्धन कार्यक्रम सम्झौता पत्रको नमुना

यो सम्झौता पत्र.............कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र ................ समुह/सहकारी संस्था/कृषि फार्म/उद्‍यमी कृषक ...... गा.पा /नपा वडानं. टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

1. यो सम्झौता, सम्झौता भएको मिति ............. देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत योजनाको लागत वमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति २०७६ साल महिना गतेसम्म संम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।
2. यस सम्झौता बमोजिमको कृषि बन प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ । दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।
3. प्रथम पक्षले दोस्रो पक्षलाई प्रस्तावना/इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न योजनाको प्रकृति अनुसार वढीमा तीन किस्ता वा एकमुष्ट रकम देहाय बमोजिम भुक्तानी गरिने छ :-
   १.सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,
   २. पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फर्छ्यौट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,
   ३.सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी ।
4. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी ) र दोस्रो पक्षको लागत सहभागिता रु. (अक्षरेपी ) व्यहोरिनेछ ।
5. .दोस्रो पक्षले सम्झौता बमोजिमको कृषि बन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।
6. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।
7. कृषि बन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दा दोस्रो पक्षले पूर्वाधार निर्माण तथा मर्मत सम्भार औजार मेशिनरी खरीद तथा जडान आदिको विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सूचना पाटी राख्नु पर्ने छ ।
8. दोस्रो पक्षले कृषि बन प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनु पर्नेछ ।
9. सम्झौता बमोजिमको कृषि बन प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ ।
10. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भएको मितिले सात दिन भित्र सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ ।
11. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

...न अधिकृत   हरिप्रसाद पण्डित ...कृषि अर्थविद   मा. विमला के.सी. मन्त्री

12. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

13. सम्झौता बमोजिमको व्यावसायिक फलफूल प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन अनुरुप संरचना हस्तान्तरण भैसकेपछि सो को सञ्चालन सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

14. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

15. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**पहिलो पक्ष**

दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालयको छाप :-

**दोस्रो पक्ष**

दस्तखत :-
नाम :-
पद :-
मिति :-
संस्थाको छाप :-

रोवर

दस्तखत :-
नाम :-
ठेगाना :-
मिति :-

दस्तखत :-
नाम :-
ठेगाना :-
मिति :-

कानून अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री